# अर्धवार्षिक प्रगति प्रतिवेदन

**आ.व.२०८०/८१**




**मुसिकोट नगरपालिका**
**नगरकार्यपालिका कार्यालय**
**वामीटक्सार, गुल्मी**

# नगरपालिकाको परिचय

नेपालको संबिधान २०७२ अनुसार राज्यको पुनरसंरचना हुँदा ७ प्रदेश ७७ जिल्ला र ७५३ स्थानीय तहमा बिभाजन भए अनुसार मुसिकोट नगरपालिका लुम्बिनी प्रदेशमा पर्दछ । यो नगरपालिका राज्यको पुनरसंरचना भएपछि ९ वटा वडामा बिभाजन सहित गठन भएको नगरपालिका हो । "मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि, उद्योग, पर्यटन र पूर्वाधार" भन्ने मुल मन्त्रका साथ जनसेवा र विकास अभियानमा जुटेका हामी मुसिकोट नगरवासीसँग पवित्र मालिका तीर्थस्थल,पर्यटकीय शिखरमा अवस्थित सालिमेधाम,ऐतिहासिक मुसिकोट दरवार,नेपालमा कफि खेतीको जननी गाउँ आँपचौर जस्ता राष्ट्रिय गौरवका ठाउँहरु रहेका छन् । मध्यपहाडी लोकमार्गको समिपमा कुल ११४.७४ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको, ९ वटा वडाहरुमा विभाजित कूल २८,४५४ जनसंख्या रहेको यस मुसिकोट नगरपालिकामा सडक सञ्जाल सहितका आवश्यक भौतिक पूर्वाधारहरु लगभग सबै वडाहरुमा पुगेका छन् । विकासका दृष्टिले पछाडी रहेता पनि यस ठाउँमा कृषि पर्यटन उद्योग र मानव संसाधन विकासद्वारा मुलुकलाई नै योगदान दिनसक्ने सम्भावना छ । सुन्दर र सबृद्ध नगरपालिका निर्माणको परिकल्पना साथ हामी अगाडी बढेका छौ । मुसीकोट नगरपालिकाका बासिन्दाहरुको मूल आय श्रोत कृषि र बैदेशिक रोजगार हो भने रोजगारीको मूल श्रोत कृषिमा ७० प्रतिशत, ज्याला मजदुरीमा १० प्रतिशत, व्यापार व्यवसायमा ५ प्रतिशत, नोकरीमा ३ प्रतिशत र बैदेशिक रोजगार १२ प्रतिशत रहेको छ

विभिन्न जातजातीहरुको समिश्रण रहेको यस नगरपालिकामा बसोबास गर्ने विभिन्न जनजातीहरुको आफ्नै कला संस्कृती, भेषभुषा रहनसहन रहेका छन् । लोपोउन्मुख अवस्थामा रहेका यी सांस्कृतीक धरोहरहरुलाई आगामी पुस्ताकालागि जोगाई राख्नु हामी सबैको कर्तव्य बनी सकेको छ । यसै गरी ग्रामीण पर्यटनको अवधारणालाई कार्यन्वयनमा ल्याई यस नगरपालिका क्षेत्रमा रहेको गरीबीलाई न्यूनिकरण गर्न यो नगरपालिकाले आफ्ना प्रयासहरु अगाडी बढाउने कार्यक्रमलाई बढवा दिएको छ । मुसिकोट नगरपालिका नयाँ निर्माण भएको नगरपालिका हो । साथै भौगोलिक हिसाबले विविधता भएकोले यँहा व्यावसायिक खेतीको संम्भावना प्रबल रहेको छ । नेपालमा पहिलो पटक कफि खेतीको सुरुवात गर्ने गौरवमय इतिहास बोकेको मुसिकोट नगरपालिका विदेशमा सबैभन्दा बढी अर्गानिक कफि निर्यात गर्ने नगरपालिका हो । जापान तथा कोरियामा हालसम्म पनि यहाँको आर्गानिक कफि निर्यात हुदै आईरहेको छ । नगरपालिकाका विभिन्न भागहरुमा तरकारी खेती, अदुवा खेती, सुन्तला खेती, च्याँउ खेतीकोलागि उपयुक्त जलवायु र स्थानहरु रहेका छन् । मुसिकोट नगरपालिका-५ आँपचौरमा नेपालमै पहिलो आर्गानिक कफि अनुसन्धान केन्द्रको स्थापना गरिएको छ ।

कुर्घाको मालिका, मुसिकोट दरबार, पौदीको छत्रकोट मन्दिर, वामीको वामीमैदान कोट जस्ता पौराणिक तथा ऐतिहासिक गाथा बोकी जैविक विविधता र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण तपोभूमि सालिमे दह जस्ता पौराणिक स्थलहरु यस नगरपालिका भित्र रहेका छन् ।

## नगरपालिकाको नामाकरण एवं संरचना

नेपाल सरकारको मिति २०७३/११/२७ गतेको घोषणा बमोजिम यो नगरपालिकाको गठन भएको हो । यसको नामाकरण यस नगर क्षेत्रमा रहेको ऐतिहासिक दरवार मुसिकोट दरबारको नामबाट नै रहन गएको हो । साविकका ७ वटा गाविसहरु पुरै र नेटा गा.वि.स.का ४ वटा वडाहरुलाई मिलाएर बनाईएको हो । हाल आएर यो नगरपालिका ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

## नगरपालिकाको भौगोलिक अवस्था, सिमाना तथा क्षेत्रफल

१) अक्षांश : २८°०७' देखि २८°२१' सम्म
२) देशान्तर : ८३° ११' देखि ८३° २४' सम्म
३) उचाई : समुन्द्र सतह ढोडेनी बगर ७५० मिटर देखि सालिमेदह २४०० मिटरसम्म रहेको छ
४) क्षेत्रफल : ११४.७४ वर्ग कि.मि.
५) सिमाना:पूर्व चन्द्रकोट गाउँपालिका, पश्चिम ईश्मा र मालिका गाउँपालिका, उत्तरमा बाग्लुङ्ग जिल्ला र दक्षिणमा रेसुङ्गा नगरपालिका र गुल्मीदरवार गाउँपालिका रहेका छन ।

## राजनीतिक एवं प्रशासनिक विभाजन

| क्र.सं. | नयाँ वडा | समावेश साविकका गाविस | वडा केन्द्र | जनसंख्या | क्षेत्रफल (वर्ग कि(.मी. |
|---|---|---|---|---|---|
| १ | १ | पौदी अमराई (१-९)रनेटा (१-४) | पौदी अमराई | ४१५६ | १७.७७ |
| २ | २ | मुसिकोट (१-९) | मुसिकोट देउराली | ३५०५ | १५.०१ |
| ३ | ३ | वडागाउँ (५-८) | ठूलापोखरा | २८९५ | ११.४४ |
| ४ | ४ | वडागाउँ (१-४ र ९) | वडागाउँ | ४४२३ | १५.१२ |
| ५ | ५ | आँपचौर(१-९) | आँपचौर | ३१८६ | १३.६२ |
| ६ | ६ | कुर्घा (१-९) | कुर्घा | २८५७ | १०.०४ |
| ७ | ७ | वामी (१, २, ३ र ९) | वामीटक्सार | ३६६३ | ७.३१ |
| ८ | ८ | वामी (४-८) | वामीमैदान | २१८८ | १०.६४ |
| ९ | ९ | अर्लाङकोट (१-९) | अर्लाङकोट | १५८१ | १३.७९ |
| **जम्मा** | | | | **२८,४५४** | **११४.७४** |

## प्रमुख ऐतिहासीक तथा धार्मिक स्थलहरु, नदिनालाहरु, व्यापारीक केन्द्रहरु

१) ऐतिहासिक तथा धार्मीक स्थलहरु

| सि.नं. | ऐतिहासिक तथाधार्मिक स्थलहरु, | मेलालाग्ने समय |
|---|---|---|
| १ | मुसिकोट दरवार कोट | वडा दशै, चैते दशै |
| २ | मालिका मंदिर | कार्तिक शुक्ल पक्ष चतुर्दशीका दिन |
| ३ | सालिमे दह | श्रावण महिना |
| ४ | वामी मैदान कोट | वडा दशै, चैते दशै |
| ५ | छत्रकोट मन्दिर थामडाडा | वडादशै |

| | | |
|---|---|---|
| ६ | स्वाँरा गुरुङ्ग होम स्टे(जिल्लाकै पहिलो होमस्टे ) | १५ पुष र अन्य समय |
| ७ | सिद्धेश्वर गुफा | |
| ८ | कोटेश्वर गुफा | श्रावण महिना |

२) नदिनालाहरु

| सि.नं. | नदिनालाहरु | मुख्य विशेषता |
|---|---|---|
| १ | बढिघाट खोला | बालुवा, गिट्टी, ढुङ्गा, माछा |
| २ | दरम खोला | गिट्टी, ढुङ्गा, असला माछा |
| ३ | निस्ती खोला | बालुवा, गिट्टी, ढुङ्गा, माछा |

३) व्यापारीक केन्द्रहरु

| सि.नं. | व्यापारीक केन्द्रहरु | कैफियत |
|---|---|---|
| १ | वामीटक्सार बजार | |
| २ | भुवाचिदि बजार | |
| ३ | ईन्द्रेगौडा बजार | |
| ४ | तल्लाफाँट बजार | |
| ५ | बडागाउँ मैदान | |
| ६ | मुसिकोट देउराली | |
| ७ | पौदीअमराई बजार | |

# अर्धवार्षिक प्रगति विवरण:

## प्रशासन शाखा

- ❖ नगरपालिकामा स्थायी सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरिएको/ गराईएको ।
- ❖ नगरकार्यपालिका कार्यालय र वडा कार्यलयमा कार्यरत कर्मचारी, जनप्रतिनिधि, विद्यालयका शिक्षक एवं कर्मचारीहरुको सम्पति विवरण दर्ता गरि सम्बन्धित निकायमा पेश गरिएको ।
- ❖ वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुको अनुगमन गरिएको ।
- ❖ जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा पेश गरिएको ।

**बैठक सम्बन्धि विवरण**

आर्थिक वर्ष २०८०।०८१ को प्रथम अर्धवार्षिक अवधिमा यस नगरपालिकामा विभिन्न मितिमा देहायबमोजिमको संख्यामा बैठकहरु बसी विभिन्न निर्णयहरु गरियो ।

| सि.न. | समितिकोनाम | बैठकसंख्या | कैफियत |
|---|---|---|---|
| १. | नगरसभा बैठक | १ | |
| २. | कार्यपालिकाबैठक | ७ | |
| ३. | स्टाफ बैठक | ७ | |
| ४. | आर्थिक विकास समिति | २ | |
| ५. | पुर्वाधार विकास समिति | २ | |
| ६. | सामाजिक विकास समिति | २ | |
| ७. | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | १ | |
| ८. | सुशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम | १ | |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | १ | |
| १० | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | १ | |
| ११ | लेखा समिति | १ | |
| १२ | राजश्व परामर्श समिति | १ | |

**जनशक्ति व्यवस्थापन**

यस अवधिमा २ ना करार सेवामा नियुक्त, ११ जना कर्मचारीले राजिनामा, १० जना स्थायी सेवामा नियुक्ती हुनुभएको ।

जम्मा कार्यरत कर्मचारी विवरण:

| **स्थायी तर्फ**<br>**नगर कार्यपालिकाकार्यालय तर्फ** | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं** | **पद** | **तह** | **सेवा** | **समूह** | **संख्या** |
| १ | प्रमुखप्रशासकीय अधिकृत | रा.पद्वितीय श्रेणी | प्रशासन | सामान्यप्रशासन | १ |
| २ | जनस्वास्थ्यअधिकृत | अधिकृतसातौ | स्वास्थ्य | हे.ई | १ |
| ३ | अधिकृत | अधिकृतछैठौं | प्रशासन | सामान्यप्रशासन | १ |
| ४ | जनस्वास्थ्यनिरिक्षक | अधिकृतछैठौं | स्वास्थ्य | हे.ई | १ |
| ५ | अधिकृत | अधिकृतछैठौं | शिक्षा | शिक्षाप्रशासन | १ |
| ६ | सहायक | सहायकस्तरपाँचौ | प्रशासन | सामान्यप्रशासन | २ |
| ७ | लेखापाल | सहायकस्तरपाँचौ | प्रशासन | लेखा | १ |
| ८ | प्राविधिकसहायक | सहायकस्तरपाँचौ | कृषि | ला.पो.डे.डे | १ |
| ९ | प्राविधिकसहायक | सहायकस्तरपाँचौ | कृषि | कृषिप्रसार | १ |
| १० | सवईन्जिनीयर | सहायकस्तरपाँचौ | ईन्जिनीयरिङ | सिभिल | १ |
| ११ | महिला विकास निरिक्षक | सहायकस्तरपाँचौ | विविध | विविध | १ |
| ११ | सहायक | सहायकस्तरचौथो | प्रशासन | सामान्यप्रशासन | १ |
| १२ | का.स | श्रेणीविहिन | प्रशासन | सामान्यप्रशासन | २ |
| **जम्मा** | | | | | **१५** |
| **वडा कार्यालय तर्फ** | | | | | |

| सि.नं | पद | तह | सेवा | समूह | संख्या |
|---|---|---|---|---|---|
| १ | सहायक | सहायकस्तर पाँचौ | प्रशासन | सामान्य प्रशासन | २ |
| २ | प्राविधिकसहायक | सहायकस्तरपाँचौ | कृषि | भेट | १ |
| ३ | प्राविधिकसहायक | सहायकस्तरपाँचौ | कृषि | ला पो डे डे | १ |
| ४ | सहायक | सहायकस्तरचौथौ | प्रशासन | सामान्यप्रशासन | ५ |
| **जम्मा** | | | | | ९ |

**करार सेवामा कार्यरत कर्मचारी विवरण**

| तह | पद | नगरकार्यपालिका कार्यालय तर्फ | वडाकार्यालय तर्फ |
|---|---|---|---|
| **अधिकृत छैठौं** | ईन्जिनीयर | १ | |
| | सूचना प्रविधि अधिकृत | १ | |
| | रोजगार संयोजक | १ | |
| | कृषि अधिकृत | १ | |
| | पशु चिकित्सक | १ | |
| **सहायक पाँचौ** | सवईन्जिनीयर | ३ | |
| | रोजगार सहायक | १ | |
| | एम आइ एस अपरेटर | २ | |
| | सहायक कम्प्युटर अपरेटर | ४ | ६ |
| | खा.पा.स.टे | १ | |
| | ना.प.स्वा.प्रा | १ | ४ |
| | ना.प्रा.स | | ३ |
| | उद्यम विकास सहजकर्ता | १ | |
| | कृषि परिचारिका | १ | |
| | हलुकासवारी चालक | १ | |
| | कार्यालयसहयोगी | २ | ९ |
| **जम्मा** | | **२२** | **२२** |

**आ.व २०८०।८१ को अर्धवार्षिक अवधिमा यस नगरपालिकामा नियुक्ती भएका करार सेवा तर्फका कर्मचारीहरुको विवरण**

| सि.नं | विज्ञापन नं | नियुक्ती मिति | पद | नाम/थर | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १. | १५/०७९-८० | २०८०।०४।२६ | ल्याव असिस्टेन्ट | मिरा मगर बरम्ले | कुर्घा स्वास्थ्य चौकी |
| २. | १४/०७९-८० | २०८०।०५।१० | अ.हे.व | गजेन्द्र रोकाहा | अर्लाङ्कोट स्वास्थ्य चौकी |
| ३. | ०१/०८०-८१<br>०२/०८०-८१ | घुम्ती स्वास्थ्य सेवा कार्यक्रम संचालनका लागि कर्मचारी नियुक्ती गर्नका लागि मिति २०८०।०८।२६ र मिति २०८०।०९।१७ गते विज्ञापन प्रकाशन गरिएको । | | | |

| व्यवसाय (दर्ता, नविकरण र खारेजी ) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | वडा नं. | | | | | | | | | जम्मा | कैफियत |
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| १ | गत आ.व सम्म दर्ता | २६ | ३९ | ३३ | ४० | ४० | ४२ | १२६ | २४ | १२ | ३८२ | |
| २ | यस अवधिमा दर्ता | ० | १ | ० | २ | ० | १ | ३ | ० | २ | ९ | |
| ३ | जम्मा दर्ता | २६ | ४० | ३३ | ४२ | ४० | ४३ | १२९ | २४ | १४ | ३९१ | |
| ४ | गत आ.व. मा खारेज | ० | २ | ० | १ | ० | ३ | ८ | ० | ० | १४ | |
| ५ | यस अवधिमा खारेजी | १ | २ | १ | १ | ० | ० | ० | २ | ० | ७ | |
| ६ | जम्मा सञ्चालन | २५ | ३६ | ३२ | ४० | ४० | ४० | १२१ | २२ | १४ | ३७० | |
| ७ | यस अवधिमा नविकरण | ९ | ९ | ७ | १६ | ९ | १२ | ३७ | ८ | ५ | ११२ | |

**संस्था (दर्ता, नविकरण र खारेजी)**

| सि.नं. | विवरण | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | गत अवधि सम्म दर्ता | २ | ४ | ३ | १ | ५ | ५ | ५ | २ | ४ | ३१ |
| २ | यस अवधिमादर्ता | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ३ | जम्मादर्ता | ३ | ४ | ३ | १ | ५ | ५ | ५ | २ | ४ | ३२ |
| ४ | यस अवधिमाखारेजी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | जम्मासञ्चालन | ३ | ४ | ३ | १ | ५ | ५ | ५ | २ | ४ | ३२ |
| ६ | नविकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

**ऐन, नियम, कार्यविधिः**

| सि.नं. | कानुनको नाम | पारितगर्ने निकाय | पिरितभएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षा नियमावली, २०७४ चौथो संशोधन | कार्यपालिका | २०८०।०४।१२ | |
| २ | गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार कार्यक्रम कार्यविधि, २०८० | कार्यपालिका | २०८०।०७।२१ | |
| ३ | रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० | कार्यपालिका | २०८०।०७।२१ | |
| ४. | विनीयोजन ऐन, २०८० प्रथम संशोधन | नगरसभा | २०८०।०९।२९ | |
| ५ | सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८० | नगरसभा | २०८०।०९।२९ | |

**कार्यक्रममा आयोजना (दिवस, प्रशिक्षण, गोष्ठी तथा अन्तर्क्रिया)**

**आर्थिक वर्ष २०८०।८१ को अर्धवार्षिक अवधिमा सम्पन्न कार्यक्रमहरुको विवरण:**

| क्र.सं | कार्यक्रमकोनाम | मिति | स्थान |
|---|---|---|---|
| १. | आ व २०७९।८० को वार्षिक समिक्षा कार्यक्रम साथै आ.व २०८०।८१ कालागि वार्षिक कार्ययोजना तर्जुमा गोष्ठी | २०८०।०४।२२ | ग्वादिकाचौरसभाहल, भुवाचिदीपारि |
| २. | बाल दिवस | २०८०।०५।२९ | नगरकार्यपालिकाको कार्यालय परिसर |
| ३. | संविधान दिवस | २०८०।०६।०३ | रुद्रावती बहुमुखी क्याम्पस |
| ४. | दशै तिहार नेपाल सम्बत र छठपर्व जस्ता राष्ट्रिय चाडको उपलक्ष्यमा शुभकामना आदानप्रदान | २०८०।०७।१० | रुद्रावती बहुमुखी क्याम्पस |
| ५. | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | नोभेम्बर २५ देखि डिसेम्वर १० सम्म | वडा कार्यालयद्वारा |
| ६. | भगिनी सम्बन्ध कायम गर्नको लागि सद्भावना भेटघाट कार्यक्रम | २०८०।०७।३० र २०८०।०८।०१ गते | ग्वादिकाचौर सभाहल, भुवाचिदीपारि |
| ७. | नवनिर्मित प्रशासकीय भवनको समुद्घाटन कार्यक्रम | २०८०।०८।२० | प्रशासकीय भवन प्राङ्गण |
| ८. | LISA र FRA सम्बन्धी अभिमुखिकरण कार्यक्रम | २०८०।०९।१९ | |
| ९. | पन्ध्रौं नगरसभा अधिवेशन | २०८०।०९।२९ | प्रशासकीय भवनको सभाहल |

# स्वास्थ्य शाखा

**अभिमुखिकरण कार्यक्रम, बैठक, गोष्ठी तथा समिक्षाहरु संचालन**

| कार्यक्रमको नाम | प्रगति विवरण |
|---|---|
| स्वास्थ्य संस्था स्तरीय बार्षिक समिक्षा गोष्ठि संचालन | सरोकारवालाहरु (४६ जना) को उपस्थितीमा गत आर्थिक वर्ष २०७९/०८० को प्रगती समिक्षा सम्पन्न र आ.व. २०८०/०८१ को लागि भावि कार्ययोजना तयार गरिएको। |
| विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको समिक्षा संचालन (१ दिन) | नगरपालिकाका विद्यालयहरुका शिक्षकहरु तथा सरोकारवालाहरु (३५ जना) को उपस्थितिमा विद्यालय स्वास्थ्य तथा पोषण विषयमा छलफल तथा क्षमता अभिवृद्धी कार्यक्रम सम्पन्न गरिएको। |
| CBIMNCI कार्यक्रमको समिक्षा कार्यक्रम संचालन (१ दिन) | स्वास्थ्य संस्था प्रमुख, कार्यक्रमका फोकल प्रर्सन र विभिन्न सरोकारवालाहरु (३० जना) को उपस्थितीमा नवजात शिशु तथा वालवालिका स्वास्थ्यको बारेमा अघिल्लो वर्षको उपलव्धि तथा कमीकमजोरीको समिक्षा गरी आगामी वर्षको लागि योजना बनाइएको। |
| PNC Home Visit कार्यक्रमको समिक्षा कार्यक्रम संचालन (१ दिन) | कार्यक्रमका फोकल प्रसन, नर्सिङ कर्मचारीहरु र विभिन्न सरोकारवालाहरु (१९ जना) को उपस्थितीमा सुत्केरी अवस्थाको आमा तथा नवजात शिशु स्वास्थ्य सुदृढिकरण बारेमा अघिल्लो वर्षको उपलव्धि तथा कमीकमजोरीको समिक्षा गरि आगामी वर्षको लागि योजना बनाइएको। |
| पालिकास्तरीय पोषण कार्यक्रमको समिक्षा संचालन (२ दिन) | स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाबाट पोषण कार्यक्रमका फोकल प्रर्सन र विभिन्न सरोकारवालाहरु (२१ जना) को उपस्थितीमा बालवालिकाको स्वास्थ्य, पोषण र वृद्धि विकास सम्बन्धि अघिल्लो वर्षको उपलव्धि तथा कमीकमजोरीको समिक्षा गरि आगामी वर्षको लागि योजना तथा कार्ययोजनाहरु तयार गरि कार्यक्रम सम्पन्न गरिएको। |
| महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुका लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम (४ दिन) | वडा नं. ५,६,७, ८ र ९ का ६३ जना म.सा.स्वा.स्व.से. हरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि विभिन्न आयामहरुमा छलफल गरि अभिमुखिकरण तथा क्षमता अभिवृद्धीकरण कार्यक्रम सम्पन्न गरिएको। |
| नियमित खोप सुदृढीकरण, पुर्ण खोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्म योजना अध्यावधिक र सरसफाई प्रवर्दन प्याकेज कार्यक्रमको समिक्षा कार्यक्रम संचालन | नगरपालिकाका स्वास्थ्य संस्था प्रमुख, खोप सुपरभाइजर, खोप कार्यक्रता तथा बिभिन्न सरोकारवालाहरु (३० जना) को उपस्थितिमा अघिल्लो वर्षको नियमित खोप सेवाको उपलव्धी तथा कमीकमजोरीलाई समिक्षा गरि आगामी वर्षलाई नियमित खोप, पुर्ण खोप सुनिस्चितता दिगोपनको कार्ययोजना बनाइ कार्यक्रम सम्पन्न गरिएको। |

| | |
|---|---|
| स्वास्थ्य संस्था प्रमुख तथा सेवा प्रदान गर्ने सेवा प्रदायकहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन सम्बन्धी कार्यक्रम संचालन | यस नगरपालिकाका स्वास्थ्य संस्था प्रमुख, विद्यालयमा शिक्षक तथा विद्यार्थी प्रतिनिधी तथा विभिन्न सरोकारवालाहरु (३५ जना) को उपस्थितिमा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणाको लागि कार्ययोजना बनाइ कार्यक्रम सम्पन्न गरिएको । |
| क्षयरोग कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम संचालन | यस नगरपालिकाका स्वास्थ्य संस्थाबाट क्षयरोग कार्यक्रमका फोकल प्रसन, ल्याबका कर्मचारीहरु तथा विभिन्न सरोकारवालाहरु (१६ जना) को उपस्थितिमा क्षयोरोग कार्यक्रमको अर्धवार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण तथा तथ्याङ्क अध्यावधिक गरि कार्यक्रम सम्पन्न गरियो सम्पन्न गरिएको । |
| प्रत्येक महिना ५ गते स्वास्थ्य संस्था प्रमुखहरु मासिक बैठक संचालन | स्वास्थ्य संस्था प्रमुख तथा विभिन्न सरोकारवालाहरुको उपस्थितीमा सेवा प्रवाह सम्बन्धमा समिक्षा तथा कमीकमजोरीहरुको विश्लेषण गरि भावि योजना बनाउने कार्य गरिएको । |

**अभियान तथा दिवसहरु संचालन**

| | |
|---|---|
| कोभिड १९ विरुद्धको खोप अभियान संचालन (श्रावण, भाद्र र असोज) | १३७४ जनालाई कोभिड १९ विरुद्धको खोप प्रदान गरिएको । |
| स्तनपान सप्ताह संचालन | सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा स्तनपान मैत्री कार्यस्थलको सुनिश्चितता सबै सरोकारवालाको प्रतिबद्धता भन्ने नाराका साथ स्तनपान सप्ताह मनाइ बच्चाहरुमा पुर्ण स्तनपानको महत्वको बारेमा चर्चा गरिएको । |
| ५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि वितरण अभियान सम्पन्न | ११९ जना म.सा.स्वा.स्व.से. मार्फत २३०३ जना बालबालिकाहरुलाई भिटामिन ए र २०७५ जनालाई जुकाको औषधि वितरण गरिएको । |
| महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका दिवस संचालन | स्वास्थ्य संस्थाबाट उत्कृष्ट २७ जना महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहरुलाई सम्मान गरिएको । |

| | |
|---|---|
| आ.व. २०८०/८१ को लागि औषधी तथा औजारहरुको दररेट निर्धारण | स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण हुने औषधिहरुको दररेट निर्धारण गर्ने कार्य सम्पन्न गरिएको । |
| विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यालयमा अध्यनरत किशोर किशोरीहरुको लागि जुकाको औषधि र आइरन चक्की खरिद र वितरण | नगरपालिका अन्तर्गत पर्ने सम्पुर्ण विद्यालयहरुका ५३९० जना किशोर किशोरीहरुलाई जुकाको औषधि र आइरन चक्की वितरण गरिएको । |
| सुरक्षित गर्भपतनको लागि औषधि खरिद तथा वितरण सम्पन्न | ५० जना महिलाहरुले सुरक्षित गर्भपतनको सेवा लिएका छन् । |

| | |
|---|---|
| स्वास्थ्य संस्थाहरुबाट नि शुल्क वितरणको लागि औषधि तथा स्वास्थ्य सामाग्री खरिद तथा वितरण सम्पन्न | स्वास्थ्य संस्थाहरुबाट कुल १७५१६ जना नयाँ बिरामीहरुले उपचार सेवा लिएका छन् । |
| गर्भवती र सुत्केरी महिलाहरुलाई निःशुल्क वितरणको लागि क्याल्सियम चक्की खरिद | २९० जना गर्भवती र सुत्केरी महिलाहरुलाई वितरण गरिएको छ । |
| नियमित औषधी तथा औजारहरुको स्टोर व्यवस्थापन (प्याकिङ्ग, दाखिला, ह.फा, ढुवानी) | नियमित आवश्यक पर्ने औषधि तथा औजारहरुको प्याकिङ, ढुवानी तथा स्टोर व्यवस्थापन गरि १४ वटै स्वास्थ्य संस्थामा पुर्याउने काम गरिएको । |

**भुक्तानि सम्बन्धी कार्यहरु**

| | |
|---|---|
| स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च भुक्तानी | सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई कार्यलय व्यबस्थापन गर्च वापत रु. ७,४०,०००/- भुक्तान गरिएको । |
| मृगौला प्रत्यारोपण गरेका, डायलायसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका बिरामिलाई औषधि उपचार खर्च वितरण | कुल ३७ जना बिरामीहरुलाई रु. ८,७८,४२० रकम भुक्तानी गरिएको । |

**आमा सुरक्षा कार्यक्रम अन्तर्गत पर्ने कार्यहरु**

| | |
|---|---|
| पोषण खर्च बापतको रकम भुक्तानी | स्वास्थ्य संस्थामा ४ पटक प्रोटोकल अनुसार गर्भवती जाँच गर्ने कुल १२० जना महिलाहरुको लागि पोषण खर्च बापतको रकम रु. ५,५८,००० भुक्तानी गरिएको । |
| यातायात खर्च | स्वास्थ्य संस्थामा गर्भवती हुने कुल १२० जना महिलाहरुको लागि यातायत खर्च बापतको रकम रु. २,४०,००० भुक्तानी गरिएको । |
| न्यानो झोला बितरण | स्वास्थ्य संस्थामा गर्भवती हुने कुल १२० जना महिलाहरुको लागि न्यानो झोला बितरण गरिएको । |
| गर्भवती उत्प्रेणा | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला मध्ये ९९ जना महिलाहरुले गर्भवती उत्प्रेरणा वापत रु. १,९८,००० भुक्तानी गरिएको । |

**सिफारिस तथा प्रमाणित सम्बन्धि कार्यहरु**

| | |
|---|---|
| विपन्न नागरिक औषधी उपचारको लागि सिफारिस | विपन्न नागरिकहरुलाई संघ तर्फ १४ जना बिरामीहरुलाई रु १४,००,००० रकम छुटलागि सिफारिस गरिएको । |
| प्रदेश स्वास्थ्य उपचारको लागि सिफारिस | विपन्न नागरिकहरुलाई प्रदेश तर्फ ६ जना बिरामीहरुलाई रु १२,००,००० रकम छुटको लागि सिफारिस गरिएको । |
| दैनिक Covid खोप कार्ड को लागि QR Code Verification कार्य सम्पादन गरिएको । | बैदेशिक रोजगारीमा जाने ९० जनाको कोभिड खोप कार्डको लागि QR Code Verification गरिएको । |

**अन्य नियमित प्रशासनिक कार्यहरु**

| |
|---|
| प्रत्येक महिना DHIS2 र eLMIS मा १४ वटा संस्थाको Data Entry तथा Monitoring गरिएको |
| eTB मा Data Entry, Conversion र Outcome Monitoring |
| अनुगमन तथा सुपरिवेक्षण |

# सूचना प्रविधि शाखा

❖ **सूरक्षित नागरिक आवास सम्बन्धि प्रगति विवरण**

| वडा | सम्पन्न घरधुरी | कैफियत |
|---|---|---|
| १ | ४ | |
| २ | ५ | |
| ३ | ३ | |
| ५ | ४ | |
| ६ | ८ | |
| ७ | २ | |
| **जम्मा** | **२६** | |

❖ **वेवसाइटमा सार्वजनिक महत्वको नियमित सूचना प्रकाशन  गरिएको**

❖ **रेडियोमा सूचना प्रशारण सम्बन्धी विवरण**

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | शिक्षक आवश्यकता सम्बन्धी | ५ | पुष्पाञ्जली एफ.एम. |
| २ | व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी | १ (१५ दिन) | सारथी र पुष्पाञ्जली एफ.एम. |
| ३ | विषय विज्ञ सूचिकृत सम्बन्धी | १ | पुष्पाञ्जली एफ.एम. |
| ५ | डेङ्गु नियन्त्रण सम्बन्धी | १ (२ महिना) | सारथी र पुष्पाञ्जली एफ.एम. |
| ६ | सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी | १ (२ महिना) | सारथी एफ.एम. |
| ७ | नगपालिकाको प्रशासकीय भवन उद्घाटन सम्बन्धी | १ | सारथी एफ.एम. |
| ८ | सामान खरिद सम्बन्धी | १ | सारथी एफ.एम. |

**भुमि आयोग सम्बन्धी विवरण**

| वडा नं. | भुमिहीन दलित | भुमिहीन सुकुम्बासी | अव्यवस्थित बसोबासी | कैफियत |
|---|---|---|---|---|
| १ | ६ | ३ | ६५ | |
| २ | २ | ५ | १७ | |
| ३ | ० | २ | १२ | |
| ४ | १ | ३ | ७३ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | १६ | १ | १ | |
| ६ | ३ | ३ | ९ | |
| ७ | ० | ३ | ३६ | |
| ९ | ५ | ० | ३ | |
| **जम्मा** | ३३ | २० | २१६ | |

- **भुमि आयोगको जग्गा नापजाँच सम्बन्धी विवरण**
  - जम्मा भुमिहीन दलितः ३३
  - जग्गा नापजाँच भएका भुमिहीन दलितः ८

  - जम्मा भुमिहीन सुकुम्बासीः २०
  - जग्गा नापजाँच भएका भुमिहीन सुकुम्बासीः १

  - जम्मा अव्यवस्थित बसोबासीः २१६
  - जग्गा नापजाँच भएका अव्यवस्थित बसोबासीः १४

  जम्मा भुमिहीन दलित+भुमिहीन सुकुम्बासी+अव्यवस्थित बसोबासीः २६९

  जम्मा जग्गा नापजाँच भएकाः २३
- **अनलाइन हाजिरी मेसिन जडान गरि पूर्ण प्रयोग**
- **स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको अभिमुखिकरण भई अन्तिम नतिजा प्रकाशनः ९१.५ अंक**
- **स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कनको अभिमुखिकरण भई अन्तिम नतिजा प्रकाशनः ८२.५ अंक**
- **योजनाको अनलाइन सफ्टवेयर जडान भई वडा कार्यालयबाटै योजना सम्झौता लगायत भुक्तानीको काम गर्न थालिएको**
- **आ.व. २०८०/८१ को बजेट पुस्तिका प्रशासन गरिएको**

# योजना तथा प्राविधिक शाखा

- आ.ब.२०७९/८० बार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न भएको छ ।
- आ.ब.२०८०/८१ को लागि बार्षिक कार्य योजना निर्माण गोष्ठी सम्पन्न भएको छ ।
- आ.ब.२०८०/८१ देखि नियमितरुपमा स्वतःप्रकाशन(Pro-active Disclosure) सार्वजनिक हुदै आएको छ ।
- योजना कार्यन्वयनमा सहजता ल्याउन Online Yojana Software सञ्चालनमा आएको छ ।
- उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाहरुको सहजीकरणको लागि निर्णय तथा अभिलेख पुस्तक छपाई गरि योजना कार्यन्वयनमा सहजता ल्याइएको छ ।
- उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाहरुको वडाहरुमा नै पुगेर सम्झौता गरि  बैक खाता खोल्ने कार्य समेत गरिएको छ ।
- वडा नं.१ र ६ मा उपभोक्ता समितिका पदाधिकारीहरुको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- आ.ब.२०८०/८१ मा उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने २३७ वटा योजना मध्ये २०० वटा जना सम्झौता भई कार्य सञ्चालनमा छन् भने २८ वटा योजना सम्पन्न भएका छन् ।
- आ.ब.२०८०।८१ ठेक्का टेण्डर मार्फत कार्यन्वयन हुने १८ वटा ठुला योजना मध्ये १६ वटा योजनाहरु ठेक्क सम्झौता भई कार्यसञ्चालनमा छन् भने २ वटा ठुला योजना सम्पन्न भएका छन् ।

## न्यायिक समिति

❖ न्यायिक समितिमा हालसम्म २ वटा उजुरी दर्ता भएकोमा एउटा उजुरीको मिलापत्र भएको र अर्को उजुरी जिल्ला अदालतमा पनि दर्ता भएकोले निस्क्रिय भएको छ ।

# कृषि शाखा

| कार्यक्रमको नाम | कार्यन्वयन क्षेत्र | कार्य प्रगति/लाभग्राही संख्या |
|---|---|---|
| बाँदर वन्यजन्तु नियन्त्रण कार्यक्रम तथा मकैको क्षतिमा राहत | वडा नं· १ | ४ जना |
| वृक्षारोपन अभियान कार्यक्रम | नगरस्तरीय | नगर भित्रका सार्वजनिक स्थलहरुमा वृक्षारोपण तथा तार जाली घेराबार गरिएको र विरुवाहरु २२०० वटा लिचि,सुनकागती र एभोकाडो नगरभित्रका ५८५ जना र हिउदे फलफुलका १००० वटा बिरुवाहरु आरु ,आरुवखडा, नासपती , र कीविका विरुवा नगरभित्रका कृषकहरुलाई वितरण गरीएको (७५% अनुदान) |
| च्याउ खेती प्रवद्धन कार्यक्रम | वडा नं ८ | ६०० वटा कन्ये र १२०० वटा च्याउको बिउ जमाउने प्लास्टिक वडा नं ८ मा २ दिने च्याउ तालिम संचालन गरी वडा नं ८ का ५१ जना कृषक र १ वटा समुहलाई निशुल्क वितरण गरिएको। |
| बिउपल सुक्ष्म खाद्यतत्व रोग किरा नियन्त्रण | वडा नं ८ | ४ थरिका तरकारीका बिउपलहरु वडा नं ८ का ८३ जना कृषकहरुलाई निशुल्क वितरण गरिएको र बिषादि तथा सुक्ष्म खाद्य तत्व हरु वितरण कार्य भइरहेको। |
| कृषि उपज विक्रि सुनिश्तता कार्यक्रम (कार्यक्रम संचालन व्यवस्थापन घाटा पुर्ति र ढुवानी) | नगरस्तरीय | विभिन्न मितिमा उत्पादक कृषकहरुबाट कृषि उपज खरिद गरे बाफत ८ जना कृषकहरुलाई रकम भुक्तानी गरेको। |
| कृषि उपज विक्रि सुनिश्तता कार्यक्रम (कर्मचारीको तलब भत्ता) | नगरस्तरीय | एकजना कर्मचारीलाई डोरहाजिरी अनुरुप तलब भक्तानी गरीएको |
| कृषि मेसिनरी औजार वितरण कार्यक्रम | नगरस्तरीय<br>वडा नं २<br>वडा नं ९ | कृषि मेसिनरीहरु वितरण गरीएको (७५% अनुदानमा)<br>(सङ्ख्या:हातेटेक्टर ९ वटा, कटानीपिसानी मिल १४ वटा) |
| प्लास्टिक टनेल वितरण तथा संरचना निर्माण | नगरस्तरिय<br>वडा नं २<br>वडा नं ९ | प्लास्टिक टनेल अबको केही दिनमा वितरण गरीने (७५% अनुदानमा)<br>(सङ्ख्या: १४५ वटा टनेल प्लास्टिक) |

| | | |
|---|---|---|
| आलु बिउ अनुदान कार्यक्रम | वडा नं १ | एक वटा समुहले सम्झौता गरी रकम भुक्तानी हुन बाँकी |
| बालि कटानी तथा रिपोटिङ्ग | नगरस्तरीय | यस नगरपालिका भित्र वडा नं क्रमश: १,७,९ मा क्रमश बालीहरु कोदो,धान र सुन्तलामा क्रप कटिङ कार्यक्रम सम्पन्न गरी उक्त बालीको उत्पादकत्व निकालीएको |

**फलफुल बिरुवा वितरण अन्तर्गत वडागत लाभग्राहि कृषक विवरणः**

| वडा नं | बिरुवाको विवरण संख्या (वटा) | | | | लाभगाही कृषक संख्या( जना) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लिची | सुनकागती | एभोकाडो | जम्मा संख्या | लिची | सुनकागती | एभोकाडो | जम्मा संख्या |
| १ | ११० | ११० | ५० | २७० | २३ | २० | १८ | ६१ |
| २ | १४० | ६८ | ३५ | २४३ | ३० | २१ | १९ | ७० |
| ३ | १४० | ९० | ३५ | २६५ | ४२ | ४६ | २८ | ११६ |
| ४ | १५० | १०० | ३५ | २८५ | ४१ | ३ | २३ | ६७ |
| ५ | ९० | ९० | १० | १९० | १७ | १३ | ६ | ३६ |
| ६ | १४० | १०० | ५० | २९० | २० | १७ | १७ | ५४ |
| ७ | १३० | १२३ | २० | ३७३ | ५७ | ५४ | १३ | १२४ |
| ८ | ५० | ५० | ३२ | १२३ | ११ | १६ | ११ | ३८ |
| ९ | ५० | ६९ | ३३ | १५२ | ४ | ९ | ६ | १९ |
| **जम्माः** | **११००** | **८००** | **३००** | **२२००** | **२४५** | **१९९** | **१४१** | **५८५** |

**विभिन्न जातका तरकारीका बिउविजनहरु वडागत वितरण परिणामः**

| क्र· स | तरकारीको बिउपल | वितरण परिणाम (वटा) | लाभग्राही कृषक संख्या (जना) | कैफियत |
|---|---|---|---|---|
| १ | टमाटर(सिर्जना) | ४० | ३६ | |
| २ | प्याजन(नासीक रेड) | ७० | ६५ | |
| ३ | केराउ(आर्केल) | १४० | ७८ | |
| ४ | धनियाँ( कलमी) | १४० | ८३ | |
| जम्माः | | ३९० | २६२ | |

**बिभिन्न बिषादि तथा सुक्ष्म खाद्यतत्व वडागत वितरण परिमाणः**

| **क्र स** | **विषादिहरु** | **ईकाइ** | **बुझिलिएको परिणाम** |
|---|---|---|---|
| **१** | **Emamectin benzoate( G supper)** | **५ ग्राम** | **१८०** |

| | | | |
|---|---|---|---|
| २ | **Yellow strick trap** | **वटा** | **११०** |
| ३ | **Cholropyriphus+cypermethrin (trical 505)** | **५०मि लि** | **१२०** |
| ४ | **Mancozeb** | **१०० ग्राम** | **११०** |
| ५ | **Agroliv** | **१०० मि·· लि** | **१००** |
| **जम्मा:** | | | **६२०** |

**कृषि तथा पशुपन्छी फार्म तथा समुह नविकरण:**

| वडा नं | फर्म नविकरण | समुह नविकरण |
|---|---|---|
| १ | ६ | ० |
| २ | ७ | ० |
| ३ | १ | ० |
| ४ | ५ | ० |
| ५ | ४ | २ |
| ६ | ७ | ० |
| ७ | १ | ० |
| ८ | ८ | ० |
| ९ | १ | ० |
| जम्मा | ४० | २ |

**कृषि तथा पशुपन्छी फार्म तथा समुह दर्ता:**

| वडा नं | फर्म दर्ता | समुह दर्ता |
|---|---|---|
| १ | १ | ० |
| २ | २ | ० |
| ३ | ० | ० |
| ४ | १ | ० |
| ५ | ० | ० |
| ६ | ० | ० |
| ७ | ० | ० |
| ८ | १ | ० |
| ९ | ० | ० |
| जम्मा: | ५ | ० |

**कृषि तथा पशुपन्छी फार्म तथा समुह खारेजी**

| वडा नं | फर्म खारेजी | समुह खारेजि |
|---|---|---|
| १ | ० | ० |
| २ | ० | ० |
| ३ | ३ | ० |
| ४ | १ | ० |
| ५ | ० | १ |
| ६ | १ | ० |
| ७ | ० | ० |
| ८ | ० | ० |
| ९ | ० | ० |
| जम्माः | ५ | १ |

**कृषि कार्यक्रमको जातीगत लाभग्राहीहरुको विवरणः**

| क्र·स | कार्यक्रमको नाम | कार्यान्वयन स्थान | दलित | जनजाती | अन्य | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिउपल सुक्ष्म खाद्य तत्व रोग किरा नियन्त्रण | वडा नं·८ | ३८ | २० | २५ | ८३ | ५५ | २८ | |
| २· | च्याउ खेती प्रवद्धन कार्यक्रम | वडा नं·८ | २२ | १२ | १७ | ५१ | ३५ | १६ | |
| ३· | बालि कटानी तथा रिपोटिङ्ग | वडा नं· १,७ र ९ | ० | ३ | ६ | ९ | ३ | ६ | |
| ४· | बाँदर वन्यजन्तु नियन्त्रण कार्यक्रम तथा मकैको क्षतिमा राहत | वडा नं· १ | ३ | ० | १ | ४ | ३ | १ | |

# पशुसेवा शाखा

| सि.न. | सेवाको किसिम | ईकाई | लक्ष्य | | प्रगती | | जम्मा प्रगती | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | पशु | पंछी | पशु | पंछी | | |
| १ | मेडिकल उपचार | संख्या | १००० | २००० | ७२१ | – | ७२१ | |
| २ | गाईनोलोजिकल उपचार | संख्या | १५ | - | ११ | - | ११ | |
| ३ | सामान्य सर्जिकल | संख्या | १५ | - | ९ | - | ९ | |
| ४ | भ्याक्सिनेसन | संख्या | १५० | २०० | २३० | ४०० | ६३० | |
| ५ | कृत्रिम गर्भाधान | संख्या | ५० | - | ६५ | - | ६५ | |
| ६ | समुह तथा फार्म दर्ता नविकरण | संख्या | ५ | - | २ | - | २ | |
| ७ | गोवर परिक्षण | संख्या | १० | - | ७ | - | ७ | |
| ८ | गर्भ परिक्षण | संख्या | १० | - | ७ | - | ७ | |
| ९ | तरल नाईट्रोजन ढुवानी | पटक | ५ | - | ५ | - | ५ | |

## वार्षिक कार्यक्रम प्रगति

| सि.न. | कार्यक्रमको नाम | कार्यनवयन स्थान | कार्यानवयन अवस्था |
|---|---|---|---|
| १. | गोरुपालन कृषकलाई सम्मान कार्यक्रम | वडा नं ८ | सम्पन्न |
| २. | भकारो सुधार कार्यक्रम | नगरस्तर | काम सम्पन्न भईसकेको |
| ३. | कृत्रिम गर्भधान मिसन कार्यक्रम | नगरस्तर | प्रत्यक महिनामा खरिद तथा ढुवानी कार्य भई निरन्तर वितरण |
| ४. | जुनोटिक रोगहरु AMR day,Rabies day | नगरस्तर | सम्पन्न |
| ५. | आन्तरीक तथा बाह्य परजिवी विरुद्ध औषधी खरिद तथा वितरण | नगरस्तर | सम्पन्न |
| ६. | पशु स्वास्थ्य ल्याब स्थापना तथा संचालन | नगरस्तर | सम्पन्न |
| ७. | नाइट्रोजन कन्टेनर खरिद | नगरस्तर | सम्पन्न |
| ८. | बाख्रा प्रवर्धन कार्यक्रम | नगरस्तर | प्रसतावनाहरु संकलन भइसकेको अनुगमन सम्पन्न |

# शिक्षा,युवा तथा खेलकुद शाखा

**बैठक व्यवस्थापन**

| सि.नं. | समितिको नाम | बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १. | शिक्षक तथा कर्मचारी छनौट | १० | |
| २. | शिक्षा समिति | ११ | |
| ३. | परीक्षा उपसमिति | १५ | |
| ४. | प्रअ बैठक | ३ | |
| | जम्मा | 39 | |

**स्थायी शिक्षक विवरण**

| सि.नं. | तह | साविक | अर्धवार्षिक नियुक्ति | सरुवा | अवकाश भएको | हाल कार्यरत |
|---|---|---|---|---|---|---|
| १. | मावि (९-१०) | १९ | ० | ० | ० | १९ |
| २. | आधारभूत | १५१ | ३ | ८ | ० | १४७ |
| | **जम्मा** | १७० | | ४ | | १६६ |

**करार शिक्षक विवरण**

| सि.नं. | तह | साविक | अर्धवार्षिक नियुक्ति | सरुवा | राजिनामा | हाल कार्यरत |
|---|---|---|---|---|---|---|
| १. | उ.मा.वि. | १६ | १ | ० | १ | १६ |
| २. | मा.वि. | २५ | ५ | ० | ४ | २५ |
| ३. | आधारभूत | ११६ | १८ | ५ | १६ | ११६ |
| | **जम्मा** | १५७ | 24 | 5 | 21 | १५७ |

**करार विद्यालय कर्मचारी**

| सि.नं. | तह | साविक | अर्धवार्षिक नियुक्ति | सरुवा | राजिनामा | हाल कार्यरत |
|---|---|---|---|---|---|---|
| १. | लेखापाल | १६ | ० | ० | ० | १६ |
| २. | बालविकास शिक्षक | ७७ | ० | १ | ० | ७७ |
| ३. | विद्यालय सहयोगी | ७१ | ३ | ० | २ | ७१ |
| | **जम्मा** | १६४ | ३ | | | १६४ |

**सम्पादित थप कार्यहरु:**

- कक्षा 10 को Pre-SEE परीक्षा सम्पन्न तथा विद्यालय तहको वार्षिक परीक्षाको प्रश्नपत्र तयार भई चैत्र 2 गते देखी सञ्चालन हुने।

- माध्यमिक र निम्न माध्यमिक तहका स्थायी शिक्षकहरु पदस्थापन।
- मावि,निमावि,प्रावि तहका शिक्षकहरु,कार्यालय सहयोगी,वालविकास शिक्षक र लेखापालहरुको विज्ञापन,परीक्षा सञ्चालन र पदस्थापन।
- स्थानीय पाठ्यक्रम (कक्षा 1-5) शिक्षा समितिवाट अनुमोदन  र छपाईको तयारी।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत 4 कोठे भवन( 50 लाख) र कम्प्युटर प्रयोगशाला(रु 13 लाख) संघीय सरकार ,शिक्षा मन्त्रालयमा पेश।
- स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन 2080, राष्ट्रिय किताबखाना (शिक्षक) काठमाडौंवाट स्वीकृत गराइएको।
- सामाजिक विकास समिति,नगर शिक्षा समिति,प्रअ,स्थानीय पाठ्यक्रम निर्माण समिति,शिक्षक छनौट समिति,विद्यालय परीक्षा समिति,नगर खेलकुद विकास समितिहरुको वैठक विभिन्न समयमा वसी आवश्यक निर्णयहरु गरिएको।
- राष्ट्पति रनिङ्ग शिल्ड 2080 सम्पन्न।
- जिल्ला स्तरीय राष्ट्पति रनिङ्ग शिल्ड,2080 मा विद्यार्थी सहभागी गराई मुसिकोट नगरपालिकालाई जिल्ला प्रथम बनाउनुका साथै लगातार 3 पटक जिल्ला विजेता बनी रनिङ्ग शिल्ड कब्जा गरिएको।
- प्रदेश स्तरीय राष्ट्पति रनिङ्ग शिल्डमा सहभागि हुन यस नगरपालिकावाट विद्यार्थी पठाइएको।
- मदाने गाउपालिकाद्वारा आयोजित दोस्रो अध्यक्ष कप,2080 मा यस नगरपालिकावाट भलिवल खेलाडी सहभागी गराई प्रथम स्थान हासिल गरिएको।
- खेलाडीलाई सम्मान र युवालाई प्रोत्साहन गर्न जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डमा सहभागी हुने सम्पुर्ण विद्यार्थीहरु र दोस्रो अध्यक्ष कप(मदाने गापा) का सहभागीहरुलाई नगद र सम्मान पत्रवाट सम्मान गरिएको।
- शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत 3 वटा पुस्तकालय र 2 वटा विज्ञान प्रयोगशाला स्थापना कार्यक्रम सम्पन्न भएको।
- कला शिक्षक नियुक्त गरी विभिन्न विद्यालयहरुमा क्रमैसँग प्रशिक्षकका रुपमा खटाइएको।
- संकृत भाषा र नैतिक शिक्षा र विद्युतिय सामाग्रीहरुको मर्मत र हाउस वायरिङ्ग शिक्षण गर्ने शिक्षक नियुक्त गर्न कार्यविधी निर्माण गरी कार्यपालिकावाट स्वीकृत गरिएको र उपरोक्त विधामा अध्यापन गराउन इच्छुक विद्यालयहरुवाट प्रस्तावना संकलन भइसकेको।
- उत्कृष्ट कार्य गर्ने विद्यालयहरुका लागी कार्यसम्पादनमा आधारित अनुदान रु 3 लाख र 2 लाख वितरणका लागी कार्यविधीमा आधारित प्रस्तावना माग गरी संकलन भएको।

- शिक्षा मन्त्रालय शिक्षा विभागको web site,emis लाई सवै विद्यालयहरुलाई भराई अध्यावधिक गर्ने कार्य भएको।
- यस नगरपालिका अन्तर्गत अध्ययनरत फरक क्षमता (अपाङ्गता) भएका विद्यार्थीहरुको विवरण संकलन र प्रमाणित गरी परिचय पत्रको प्रतिलिपी सहित अपाङ्गता छात्रवृतिका लागी जिल्लामा पठाइएको।
- शिक्षक तथा कर्मचारीको तलब भत्ता र दिवा खाजा निकासा भएको।
- अवधी समाप्त भएका विद्यालयहरुमा विव्यस,शिक्षक अभिभावक संघ समिति गठन गरिएको।
- आ.व.2079/080 को महालेखा परीक्षकको कार्यालयवाट हुने लेखा परीक्षण कार्य सम्पन्न गरिएको।
- निवृत हुने शिक्षकहरुको कागजातहरु तयार तथा प्रमाणित गरी राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने साथै निवृत हुने शिक्षकहरुलाई सम्मान पत्र सहित सम्मान गरिएको।
- नमुना विद्यालय अन्तर्गत नमुना माविका लागी विनियोजित पुर्वाधार निर्माण कार्यक्रम कार्यन्वयन भइरहेको।
- क्लब तथा संघ संस्थाहरुलाई खेलकुद सामाग्री वितरण गरिएको।
- शिक्षा मन्त्रालय,शिक्षा विभाग,सामाजिक विकास मन्त्रालय,दाङ,सामाजिक विकास डिभिजन कार्यालय,पाल्पा,शिक्षा विकास तथा समन्वय इकाईमा विभिन्न विवरण र प्रतिवेदनहरु पठाइएको।
- नगर खेलकुद समितिको आयोजना र स्थानीय क्लबहरुको सहयोगमा ग्वादीकाचौर प्रस्तावित रङ्गशाला हराभरा बनाउन वृक्षरोपण गरिएको।
- मुसिकोट नगरपालिकाको वडा नं. 5 निवासी भलिवल राष्ट्रिय खेलाडी क्यान्सर पिडित विनोद वि.क. वचाउ अभियान अन्तर्गत नगर खेलकुद विकास समितिको पहलमा आर्थीक संकलन गरी हस्तान्तरण गरिएको।
- नगर खेलकुद विकास समितिको आयोजनामा मालिका महोत्सव कार्यक्रममा खेल सञ्चालन गरिएको।
- प्रथम मुसिकोट मेयर रनिङ्ग कप सफलता पुर्वक सञ्चालन गरिएको।
- मुसिकोट पालिका स्तरीय पुरुष र महिला भलिबल खेलाडी 28 जनाको संख्यामा छनौट तथा निर्माण गरिएको।
- जिल्ला भलिबल संघ गुल्मीको आयोजनामा  अन्तरपालिका भलिबल प्रतियोगितामा पुरुष र महिला टिम सहभागी गराइएको।
- गुल्मी जिल्लाको पहिलो राष्ट्रिय भलिबल खेलाडी श्री छबिलाल खरेललाई सम्मान गरिएको।
- जिल्ला खेलकुद विकास समितिद्वारा आयोजित ”जाउ हिड रेसुङ्गा” अभियान अन्तर्गत सञ्चालित दौड प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल मुसिकोट-8 निवासी भुवन खत्रीलाई सम्मान।

# महिला तथा बालबालिका शाखा

## कार्यक्रम आयोजना

१. मिति २०८०/०८/ २५-२६ सम्म अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम |

## कार्यक्रममा सहभागी

- मिति २०८०/०९/ १२ गते तम्घास
- बालविवाह अन्य गर्ने विषयसंग सम्बन्धी कार्यक्रममा १ दिन सहभागी |

## महिला तथा बालबालिका शाखाले राखेको बैठक

१. मिति २०८०/११/०८ गते जिविकोपार्जन सुधारका लागी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बाट आएको बजेट परिचालनका लागी सुचना प्रकाशन गर्ने विषयमा छलफल |

## ज्येष्ठ नागरिक परिचय पत्र

- निरन्तर रुपमा निवेदनको आधारमा परिचयपत्र वितरण भैरहेको

## अपाङ्ग परिचयपत्र वितरण

| सि.नं. | प्रकार | विवरण | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | पुर्ण अपाङ्ग क वर्ग | साविकका भएका | २२ | ६ | १५ | १० | ११ | १० | १० | ६ | ३ | ९३ |
| | | यस अवधिमा वितरण | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | २ |
| | | खारेज | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | जम्मा | २२ | ७ | १६ | १० | ११ | १० | १० | ६ | ३ | ९५ |
| २ | अति अशक्त अपाङ्ग ख वर्ग | साविकका भएका | ५१ | २६ | २१ | १७ | १४ | १७ | १६ | ११ | ७ | १८० |
| | | यस अवधिमा वितरण | १ | ० | १ | १ | १ | ० | १ | २ | ० | ७ |
| | | खारेज | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | जम्मा | ५२ | २६ | २२ | १८ | १५ | १७ | १७ | १३ | ७ | १८७ |
| ३ | मध्यम अपाङ्ग ग वर्ग | साविकका भएका | १८ | १२ | ४ | १४ | ६ | ७ | १३ | ९ | २ | ८५ |
| | | यस अवधिमा वितरण | २ | ० | ३ | २ | १ | ० | ० | १ | ० | ९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खारेज | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| | | जम्मा | २० | १२ | ७ | १६ | ७ | ७ | १३ | ९ | २ | ९३ |
| ४ | सामान्य अपाङ्ग घ वर्ग | साविकका भएका | ८ | १० | १० | १२ | ३ | ५ | १२ | ७ | १ | ६८ |
| | | यस अवधिमा वितरण | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| | | खारेज | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | जम्मा | ८ | १० | १० | १२ | ४ | ५ | १२ | ७ | १ | ६९ |
| कुल जम्मा | | | १०२ | ५५ | ५५ | ५६ | ३७ | ३९ | ५२ | ३५ | १३ | ४४४ |